# आकाशवाणी समाचार- नेपाली

मितिः १६ जुलाई २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

## प्रमुख समाचार

- उत्तराखण्डको मुवानी क्षेत्रमा हिज साँझ भएको दुर्घटनामा आठ जनाको मृत्यु भएको छ भने चार जना गम्भीर घाइते भएका छन्।
- भारतीय विशिष्ट पहिचान प्राधिकरणले अभिभावकहरूलाई सात वर्षभन्दा माथिका बालबालिकाहरूको लागि अनिवार्य बायोमेट्रिक अपडेट गराउन आग्रह गरेको छ।
- आज देशमा आर्टिफिशियल इंटेलिजेंस प्रशंसा दिवस मनाइँदैछ। यो दिन विश्वमा **ए.आई** क्षेत्रमा भारतको बढ्दो भूमिकाको उपलक्ष्यमा मनाइन्छ।
- इरानस्थित भारतीय दूतावासले भारतीय नागरिकहरूलाई इरानको अनावश्यक यात्रा नगर्न आग्रह गरेको छ। इरानमा बढ्दो सुरक्षा चिन्ताका बीच यो परामर्श जारी गरिएको हो।
- मौसम विभागले आगामी दुई देखि तीन दिनसम्म राजस्थान, पूर्वी र मध्य भारतमा भारी वर्षा हुने अनुमान व्यक्त गरेको छ।

## संशो उत्तराखंड - दुर्घटना

उत्तराखण्डको पिथौरागढ जिल्लाको मुवानी क्षेत्रमा हिज साँझ थाल-पिथौरागढ़ मार्गमा यात्रीवाहक वहन नदीमा खसेको छ। यस दुर्घटनामा आठ जनाको मृत्यु भएको छ भने चार जना गम्भीर घाइते भएका छन्। घाइतेहरूलाई नजिकैको अस्पतालमा भर्ना गरिएको छ। मुख्यमन्त्री पुष्कर सिंह धामीले यस दुर्घटनाप्रति गहिरो दुःख व्यक्त गर्नुभएको छ।

## प्रधानमंत्री-उत्तराखंड दुर्घटना

प्रधानमन्त्री नरेन्द्र मोदीले उत्तराखण्डको पिथौरागढमा भएको सडक दुर्घटनाप्रति गहिरो दुःख व्यक्त गर्नुभएको छ। यस दुर्घटनामा आठ जनाको मृत्यु भएको छ भने चार जना गम्भीर घाइते भएका छन्। श्री मोदीले मृतकका परिवारप्रति समवेदना व्यक्त गर्नुहुदै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्नुभएको छ। उहाँले प्रत्येक मृतकका परिवारलाई प्रधानमन्त्री राष्ट्रिय राहत कोषबाट २ लाख रुपैयाँको अनुग्रह राशी प्रदान गर्ने घोषणा गर्नुभएको छ साथै घाइतेहरूलाई ५०,००० रुपियाँ दिइनेछ।पिथौरागढ जिल्लाको मुवानी क्षेत्रमा रहेको थल-पिथौरागढ़ मार्गमा हिजो साँझ एउटा गाडी नदीमा खस्दा दुर्घटना भएको हो। मुख्यमन्त्री पुष्कर सिंह धामीले घाइतेहरूको उचित उपचार सुनिश्चित गर्न जिल्ला प्रशासनलाई निर्देशन दिनुभएको छ।

## प्रधानमंत्री - कौशल भारत-कुशल भारत

प्रधानमन्त्री नरेन्द्र मोदीले कौशल भारत-कुशल भारत पहलले अनगिन्ती मानिसहरूलाई लाभ पुगेको बताउनुभएको छ। उहाँले यो अभियानले नयाँ अवसरहरू सिर्जना गरेको र मानिसहरूलाई सशक्त बनाएको बताउनुभएको छ।केन्द्रीय मन्त्री जयन्त चौधरीको सोशल मीडिया पोस्टको प्रतिक्रियामा श्री मोदीले यस मिसनको दश वर्ष पूरा भएकोमा सरकार कुशल र आत्मनिर्भर युवा शक्ति निर्माण गर्न प्रतिबद्ध रहेको बताउनुभएको छ। प्रधानमन्त्रीले यो मिसनले विकसित भारतको लक्ष्य अनुरूप नयाँ सीप र विश्वका उत्कृष्ट अभ्यासहरूद्वारा युवाहरूलाई सशक्त बनाउने संकल्पलाई बलियो बनाइरहेको पनि बताउनुभएको छ।

## प्रधानमंत्री - गैर-जीवाश्म ईंधन

प्रधानमन्त्री नरेन्द्र मोदीले आज हरित र दिगो भविष्य निर्माण गर्ने भारतको प्रतिबद्धता र प्रयासको प्रशंसा गर्नुभयो। केन्द्रीय मन्त्री प्रल्हाद जोशीको एक सामाजिक सञ्जाल पोस्टको प्रतिक्रियामा, श्री मोदीले उल्लेख गर्नुभयो कि देशले २०३० को लक्ष्यभन्दा पाँच वर्ष अगाडि ५० प्रतिशत गैर-जीवाश्म इन्धन क्षमता हासिल गरिसकेको छ।

## आधार अपडेट

भारतीय विशिष्ट पहिचान प्राधिकरणले अभिभावकहरूलाई सात वर्षभन्दा माथिका बालबालिकाहरूको लागि अनिवार्य बायोमेट्रिक अपडेट गराउन आग्रह गरेको छ। इलेक्ट्रोनिक्स तथा सूचना प्रविधि मन्त्रालयले हालको दिशानिर्देश अनुसार पाँच वर्ष मुनिका बालबालिकाहरूको लागि फिंगरप्रिन्ट र आइरिस स्क्यान आवश्यक नपर्ने बताएको छ। मन्त्रालयले यी बालबालिकाहरूको बायोमेट्रिक्स पाँच वर्ष पुगेपछि अद्यावधिक गर्नुपर्ने बताएको छ। पाँच देखि सात वर्ष उमेरका बालबालिकाहरूको बायोमेट्रिक्स अद्यावधिक गर्ने प्रक्रिया नि:शुल्क हुनेछ। हालको नियम अनुसार, सात वर्षको उमेर पछि पनि अद्यावधिक नगरिएमा आधार निष्क्रिय पार्न सकिन्छ। यस सन्दर्भमा, प्राधिकरणले त्यस्ता बालबालिकाहरूको आधारमा दर्ता गरिएको मोबाइल नम्बरमा अनिवार्य बायोमेट्रिक अपडेट सम्बन्धी सन्देशहरू पठाउन थालेको छ।

## निर्वाचन आयोग- बिहार

निर्वाचन आयोगले बिहारमा मतदाता सूचीको विशेष गहन संशोधन अभियानमा हालसम्म ८६ प्रतिशतभन्दा बढी गणना प्रपत्र प्राप्त भइसकेको बताएको छ। यो अभियान पूरा हुन अब केवल दश दिन बाँकी छ। आयोगले बताएको छ कि लगभग एक लाख बुथ स्तरीय अधिकारीहरूले चाँडै बाँकी मतदाताहरूबाट गणना प्रपत्रहरू सङ्कलन गर्नेछन्। राज्यका सबै २६१ शहरी स्थानीय निकायका सबै वडाहरूमा विशेष शिविरहरू स्थापना गरिएको छ।

## स्वास्थ्य मंत्रालय-स्ट्रीट फ़ूड

स्वास्थ्य मन्त्रालयले समोसा, जलेबी र लड्डु जस्ता खाद्य वस्तुहरूमा स्वास्थ्य चेतावनीको लेबल लगाउन निर्देशन दिएको भन्ने मिडिया रिपोर्टहरूको खण्डन गरेको छ। मन्त्रालयले मिडियामा देखा परेका यस्ता रिपोर्टहरू पूर्णतया आधारहीन र भ्रामक भएको बताएको छ। मन्त्रालयले कार्यस्थलमा खाद्य वस्तुहरूको स्वस्थ विकल्प अपनाउने सम्बन्धमा छुट्टै परामर्श जारी गरेको बताएको छ। जसमा क्यान्टिन, क्याफेटेरिया र बैठक कोठाहरूमा बोसो र अत्यधिक चिनीले हुने हानिको बारेमा जागरूकता सिर्जना गर्न बोर्डहरू राख्न भनिएको थियो। यसको उद्देश्य देशमा मोटोपनको बढ्दो समस्याको बारेमा सचेत गराउनु थियो। स्पष्टीकरणमा भनिएको छ कि स्वास्थ्य मन्त्रालयको परामर्शले बजारमा बेचिने खाद्य वस्तुहरूमा चेतावनीको लेबल लगाउन निर्देशन दिँदैन। यसको उद्देश्य देशमा स्ट्रिट फूडको समृद्ध परम्परालाई हानि पुर्‍याउनु होइन।

## ए.आई. सराहना दिवस

आज देशमा आर्टिफिशियल इंटेलिजेंस प्रशंसा दिवस मनाइँदैछ। यो दिन विश्वमा **ए.आई** क्षेत्रमा भारतको बढ्दो भूमिकाको उपलक्ष्यमा मनाइन्छ। बेंगलुरु र हैदराबाद जस्ता प्राविधिक केन्द्रहरूदेखि ग्रामीण क्षेत्रहरूसम्म, ए.आई. ले स्वास्थ्य सेवा, शिक्षा, कृषि, शासन र उद्योगलाई रूपान्तरण गरिरहेको छ|सरकारको "सबैका लागि एआई" र एआईको लागि राष्ट्रिय रणनीतिले आर्टिफिसियल इन्टेलिजेन्सको प्रयोग आर्थिक वृद्धिलाई अगाडि बढाउने मात्र नभई जीवन सुधार गर्ने, समावेशीता सुनिश्चित गर्ने र समानतालाई प्रवर्द्धन गर्ने लक्ष्य राखेको छ।

## विदेश मंत्रालय-सत्यजीत रे-बंग्लादेश

भारतले बंगलादेशलाई ढाकामा रहेको प्रख्यात फिल्म निर्माता सत्यजित रेको पैतृक सम्पत्ति भत्काउने निर्णयमा पुनर्विचार गर्न आग्रह गरेको छ। भारतले यो सांस्कृतिक सम्पदाको संरक्षणमा सहयोग गर्ने प्रस्ताव पनि गरेको छ।मैमन सिंह जिल्लामा अवस्थित यो ऐतिहासिक भवन भत्काउने निर्णयलाई गम्भीर खेदको विषय बताउदै बंगलादेशलाई दुवै देशको साझा संस्कृतिको प्रतीक

संग्रहालयमा परिणत गर्न आग्रह गरिएको छ। यो ऐतिहासिक भवन सत्यजित रेका बाजे र प्रसिद्ध साहित्यकार उपेन्द्र किशोर रे चौधरीको थियो र हाल बंगलादेश सरकारको स्वामित्वमा छ। यो पुरानो भवन भत्काइएको रिपोर्ट आएपछि विदेश मन्त्रालयको यो प्रतिक्रिया आएको हो।

**इरान- भारतीय दूतावास परामर्श**

इरानस्थित भारतीय दूतावासले भारतीय नागरिकहरूलाई इरानको अनावश्यक यात्रा नगर्न आग्रह गरेको छ। इरानमा बढ्दो सुरक्षा चिन्ताका बीच यो परामर्श जारी गरिएको हो। दूतावासले एक सामाजिक सञ्जाल पोस्टमा भारतीय नागरिकहरूलाई इरान यात्रा गर्नुअघि स्थितिको सावधानीपूर्वक निगरानी गर्न र भारतीय अधिकारीहरूले जारी गरेका अद्यावधिक सल्लाहहरूमा ध्यान दिन आग्रह गरेको छ।हाल इरानमा बसोबास गरिरहेका र घर फर्कन चाहने भारतीय नागरिकहरूलाई व्यावसायिक उडान र अन्य विकल्पहरूको मद्दत लिन सल्लाह दिइएको छ।

**नेपालका ऊर्जामन्त्री**

नेपालका ऊर्जामन्त्री दीपक खड्काले सबै सरोकारवालाहरूलाई ऊर्जा बिलमा आत्तिनु नपर्ने बताउनु भएका छन्। स्वतन्त्र ऊर्जा उत्पादक संघ नेपालको २३ औं वार्षिक साधारण सभामा, श्री खड्काले राष्ट्रिय हितमा कानून बनाइने आश्वासन दिनु भयो।ऊर्जा परियोजनाहरूको लागि आईपीओ र विद्युत खरिद सम्झौता (पीपीए) मा आवश्यक पर्ने व्यावसायिक सञ्चालन मितिसँग सम्बन्धित चिन्ताको बारेमा बोल्न हुँदै, श्री खड्काले यी मुद्दाहरूलाई सम्बोधन गर्न एक समिति गठन गरिएको जानकारी दिनु भयो। प्रत्येक परियोजनाको स्थितिको आधारमा निर्णय लिइनेछ।उहाँले प्रधानमन्त्री केपी ओलीको निर्देशन पालना गर्दै, विद्यमान प्रसारण लाइन भएका क्षेत्रहरूमा पीपीएलाई प्राथमिकता दिइएको पनि जानकारी दिनु भयो । जग्गा अधिग्रहणका चुनौतीहरूलाई कानुनी सुधारहरूद्वारा सम्बोधन गर्न सकिन्छ।नेपालका ऊर्जामन्त्रीले २८ हजार ५०० मेगावाट बिजुली उत्पादन गर्ने सरकारको रोडम्याप उल्लेख गर्नु भयो, जसले लाखौं मानिसहरूलाई रोजगारी सिर्जना गर्न सक्छ।

**मौसम**

मौसम विभागले आगामी दुई देखि तीन दिनसम्म राजस्थान, पूर्वी र मध्य भारतमा भारी वर्षा हुने अनुमान व्यक्त गरेको छ। आज जम्मू कश्मीर, तटीय कर्नाटक, केरला र माहेका केही स्थानहरूमा भारी वर्षा हुने सम्भावना छ। आज बिहार, गङ्गा पश्चिम बंगाल, जम्मू कश्मीर, झारखण्ड, ओडिशा र अण्डमान र निकोबार टापुहरूमा पनि मेघगर्जन सहित हावाहुरी चल्ने सम्भावना छ।

****** ० ******